# नेपाल राजपत्र

## भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २९ ] काठमाडौं, असोज ८ गते २०३६ साल [ अतिरिक्ताङ्क ३६ (क)


# शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट असंलग्न राष्ट्रहरूको छैठौं शिखर सम्मेलनमा भाग लिइबक्सी स्वदेश फिरिबक्सँदा २०३६ साल आश्विन ८ गते देशवासीका नाममा बक्सेको सन्देश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

प्यारा देशवासीहरू,

१. हवानामा सम्पन्न असंलग्न राष्ट्रहरूको छैठौं शिखर सम्मेलनमा भाग लिई बाटामा जनगणतन्त्र चीन, कुवेत, क्यानाडा, आइसल्याण्ड, संयुक्त अधिराज्य, ग्रीस र भारत-लगायत केही अरु मित्रराष्ट्रहरूको अनौपचारिक भ्रमण पूरा गरी आज स्वदेश फर्की आउँदा हामीलाई खुशी लागेको छ ।

२. यता नेपालतिरबाट हेर्दा क्यूबा पृथ्वीको पश्चिम गोलार्द्धमा पर्छ । त्यस भेगमा भएको असंलग्न राष्ट्रहरूको यो छैठौं शिखर सम्मेलनमा भाग लिएर नेपालले एक शान्तिप्रिय देशको आफ्नो रूपलाई अझ बढी चिनाएको मात्र होइन यसरी बेला बखतमा अन्तर्राष्ट्रिय क्षेत्रमा

आइपर्ने प्रत्येक समस्याको गुण दोषलाई स्वतन्त्ररूपले केलाएर आफ्नो नीति तथा दृष्टिकोण प्रस्तुत गरेबाट नेपालले आफ्नै स्वतन्त्र अस्तित्व कायम राख्नमा सफल भएको छ भन्ने हाम्रो धारणा छ । साथै, विगत सम्मेलनहरूमा झैं यी शीर्षस्थ सम्मेलनले पनि संसारका अनेक मित्रराष्ट्रहरूसंग भेटघाट र मैत्रीपूर्ण सम्बन्धलाई बढाउनमा सहयोग पुऱ्याएको छ ।

३. विगत कालमा मानव जातिले भोग्नु परेको उपनिवेशवादको उत्थान र पतनलाई नेपालले राम्ररी बुझेको छ । एकथरीको उपनिवेशवाद विलाएर जान सक्छ तर अर्को थरीका उपनिवेशवादहरू आकर्षक नाराहरूसमेत बोकेर कुनै बेला कहीं पनि नजन्मलान् भन्न सकिन्न । यसैले असंलग्नताको नीति हाम्रो देशको निम्ति हितकर हुन्छ भन्ने कुरामा हाम्रो दृढ विश्वास छ । यसै परिप्रेक्षमा समेत विचार गरेर नै नेपालीले आफ्नो देशलाई शान्ति क्षेत्र बनाउने चाहनाको प्रस्ताव गरेको हो । यो कुरा उचित मात्र नभएर गहन र विवेकपूर्ण पनि छ भन्ने कुरामा हाम्रो शङ्का छैन । शान्ति क्षेत्रको प्रस्ताव एक सकारात्मक कदम हो र हाम्रो देशको स्वतन्त्रता र आफ्नैपनको अस्तित्वको रक्षा गर्ने पवित्र उद्देश्य राखेर नै यसको जन्म भएको हो । हामीलाई खुशी लागेको छ कि एक असल मैत्रीपूर्ण समझदारीको आधारमा हाम्रा छिमेकी मित्रराष्ट्रहरू भारत र चीनसित हाम्रो सम्बन्ध सुखद रहिआएको छ । मेरो विचारमा नेपालीले एकातिर आपनो यस महाद्वीपमा शीतयुद्धको वातावरण सिर्जना हुन सक्ने संभावनातर्फ सचेत हुन सक्नु परेको छ भने अर्कोतिर आफ्नै देशको परिवेशलाई बुझेर कसैको सिद्धान्त र विचारतर्फ लहै लहैमा हिंड्नु हितकर हुँदैन भन्ने कुरालाई पनि बिर्सनु हुँदैन, बरु हामी नेपाली आफैले तोकेको गन्तव्य बाटो र लक्ष्यलाई सधैं ध्यानमा राखेर शान्तिको वातावरण कायम राखी निर्वाध रूपले हामी सबै राष्ट्र-निर्माण र विकासकै बाटोमा जुट्न सके हाम्रो सीमित साधन र शक्तिको सकारात्मक प्रयोग मात्र हुने होइन यसबाट हाम्रो जस्तो सानो मुलुकलाई संसारका अनेक मुलुकहरूबाट आफूलाई काम लाग्ने ज्ञान र प्रविधि सिक्नमा समेत सघाउ पुग्नेछ ।

४. क्यूवामा महामहिम राष्ट्रपतिलगायत सम्पूर्ण क्यूवावासीहरूबाट हामीले मैत्रीपूर्ण स्वागत पाएकोमा धन्यवाद ज्ञापन गर्नु हामी आफ्नो कर्तव्य ठान्छौं । त्यस्तै जाँदा आउँदा बाटामा पर्ने सबै मित्रराष्ट्रहरूबाट नेपाली प्रतिनिधिमण्डलले पाएको हार्दिक स्वागत र आतिथ्यका निम्ति पनि हामी आभार व्यक्त गर्छौं । अन्तमा, हाम्रो अनुपस्थितिमा हामीबाट गरिबक्सने कामको अभिभारा वहन गर्ने हाम्रा भाइ श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीर विक्रम शाह एवं देशको नीति नियम कानूनबमोजिम दैनिक शासन चलाई देशमा शान्ति सुव्यवस्था कायम राख्ने राज-प्रतिनिधि परिषद्लगायत मन्त्रिपरिषद्का सदस्यहरू, सबै राष्ट्रसेवक तथा देशवासीलाई हामी धन्यवाद दिन्छौं ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् ।

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

३२६

---

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।